बागचौर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बागचौर,सल्यान

## सडक मर्मत समुहको गठन गर्नका लागि सूचना

सल्यान जिल्ला बागचौर नगरपालिकाले बिभिन्न सडकको मर्मत सम्भारका लागी सडक मर्मत समुह गठन गर्ने उद्वेश्य राखेको छ । सडक मर्मत सम्भार समुहको गठनका लागी मर्मत सम्भार सम्वन्धि सडक तथा कामदारहरको आवश्यक संख्या तल लेखिएबमोजिम छ ।

| नगरपालीका | सडक | लम्वाई | कामदारको संख्य |
|---|---|---|---|
| बागचौर नगरपालिका, सल्यान | शिवरथ(सिमखोली-गोठीवन-त्रिवेणी सडक) बा.न.पा. तर्फ | ३।५० कि.मि. | २ जना |
| | खरिबोट टाट्के बाफुखोला खौला सडक | १२ कि.मि. | १० जना |
| | बागचौर कोटमौला पाथिहाल्ना सडक | ६ कि.मि. | ४ जना |
| जम्मा | | २१।५० कि.मि | १६ जना |

सडक मर्मत सम्भार समुहका सदस्यहरुले सफा गर्ने र अनावस्यक सामान हटाउने आधारभुत कामहरुका साथसाथै सामान्य मर्मतहरु गरेर सडकलाई राम्रो अवस्थामा राखिराख्नका निमित्त संगै मिलेर काम गर्नु आवश्यक हुनेछ । काम पुरा हुनेछ र यो काम एक वर्ष अवधिका लागी हुनेछ । यदि सडक राम्रो अवस्थामा भएका खण्डमा पुरै सडकका लागी दैनिक ज्यालादारी अनुसार भुक्तानी दिइनेछ । यदि सडकका केहि भागहरुको अवस्था राम्रो नभएका खण्डमा मासिक भुक्तानीवाट रकम कट्टी गरिनेछ ।

सडक मर्मत सम्भार समुहका सदस्यहरुको छनोट तल लेखिएका छनोटका मापदण्डहरु वमोजिम हुनेछ । यस भन्दा पहिले सडक निर्माण कार्यसम्वन्धि अनुभव आवश्यक छैन तर यसलाई ग्रायता दिन सकिनेछ भन्ने कुरालाई ध्यानमा राखिनेछ । पढ्न र लेख्न सक्ने साक्षर र प्राथमिक विद्यालय पुरा गरेको हुनुपनि आवश्यक छैन तर यसलाई ग्रायता दिइनेछ ।

प्राविधिक मापदण्डहरु

- मर्मत सम्भारका लागी छानिएका कामदार १८ वर्ष भन्दा माथिको हुनैपर्दछ र ६० वर्ष भन्दा कमको हुनुपर्दछ ।
- मर्मत सम्भारका लागी छानिएका कामदार सडकको मर्मत सम्भारका लागी काम गर्न सारिरीक तथा मानसिक रुपमा सक्षम हुनैपर्दछ ।
- मर्मत सम्भारका लागी छानिएका कामदार मर्मत सम्भारका गर्नुपर्ने सडकको नजिकै बसोबास गरेको हुनैपर्दछ ।

सामाजिक मापदण्डहरु

जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

बागचौर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बागचौर,सल्यान

- मर्मत सम्भारका लागी छानिएका कामदार वेरोजगार अथवा निजको २५ प्रतिशत भन्दा कम समयकाल रोजगारी भएको हुनैपर्दछ ।
- वडाका सवैभन्दा विपन्न र सीमान्तकृत मानिसहरलाई प्राथमिकता दिईनेछ ।
- महिला उम्मेदवारहरुलाई प्राथमिकता दिईने छ र सम्वभ भएका खण्डमा मर्मत सम्भारकालागी छानिएक सम्पुर्ण कामदार शत प्रतिशत महिला हुनुपर्दछ तर सो संख्या कुनैपनी हालतमा कम्तीमा पनि ३३ प्रतिश भन्दा कम हुनुहुदैन ।
- मर्मत सम्भारका कामदारहरु मध्ये कम्तीमा पनी ४० प्रतिशत सुविधावाट बन्चित समुहहरु (दलित,जनज अन्य पाखा पारीएका र वन्चीत समुहहरु ) बाट हुनुपर्दछ ।

थप जानकारीका लागी, कृपया वडा अध्यक्ष/सचिव तथा नगरपालीका कार्यालयमा सम्पर्क राख्नुहोला । उमेद्वारहरुले वडा अध्यक्ष/सचिवसँग सम्पर्क राख्नुपर्दछ र २०७६ मंसिर १७ गते भन्दा पहिले सडक मर्मत समुह आवेदन फाराम भरिसक्नुपर्दछ । आवेदन दिने अन्तिम दिन भन्दा पछि एक हप्ता भित्रमा सडक मर्मत समुह आवेदन फारामहरुको मुल्याङ्कन गरिनेछ र सडक मर्मत सम्भार समूहका सदस्यहरु छानिनेछन ।

जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत